**संघीय संसद**

# प्रतिनिधि सभा

# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ७५**

**(मिति: २०७९/०३/०३)**

**विषय:-**

१. नेपालको परराष्ट्र नीति कार्यान्वयनका सम्बन्धमा।

२. सम्माननीय प्रधानमन्त्रीको निकट भविष्यमा हुन गइरहेको संयुक्त राज्य अमेरिकाको भ्रमणका सम्बन्धमा।

३. विविध।

**छलफल तथा निर्णय:-**

समितिको आजको बैठकमा नेपालको परराष्ट्र नीति कार्यान्वयन, सम्माननीय प्रधानमन्त्रीको निकट भविष्यमा हुन गइरहेको संयुक्त राज्य अमेरिकाको भ्रमण एवं विविध विषयका सम्बन्धमा परराष्ट्र मन्त्री माननीय डा. नारायण खड्का, नेपाली सेनाका प्रधान सेनापति श्री प्रभुराम शर्मा, परराष्ट्र मन्त्रालयका सचिव श्री भरतराज पौड्याल, रक्षा मन्त्रालयका सचिव श्री किरणराज शर्मा लगायतसँग छलफल भयो। छलफल पश्चात् समितिबाट देहाय बमोजिमका निर्णयहरु भए:

१. नेपालको संविधानद्वारा निर्दिष्ट संयुक्त राष्ट्र संघको वडापत्र, पञ्चशील र असंलग्नताका सिद्दान्त अनुरुप स्वतन्त्र परराष्ट्र नीति प्रतिकूल नहुने गरी नेपाल सरकारले परराष्ट्र नीतिको सञ्चालन गर्नुपर्छ। यस सन्दर्भमा हालै अमेरिकी राज्य साझेदारी कार्यक्रम (State Partnership Program) मा नेपालको संलग्नता सम्बन्धमा सार्वजनिक भएका कुराहरु एवं विवादास्पद विषयमा नेपाल सरकारको औपचारिक धारणा निर्णयको रुपमा आउनुपर्छ । अमेरिकी राज्य साझेदारी कार्यक्रम (State Partnership Program) अमेरिकी हिन्द प्रशान्त रणनीतिको हिस्साको रुपमा रहेको तथ्य संयुक्त राज्य अमेरिका सरकारद्वारा प्रकाशित रणनीतिक प्रतिवेदनमा उल्लेख भएकाले उक्त कार्यक्रममा अब उप्रान्त नेपाल संलग्न नहुने कुरा स्पष्ट रुपमा औपचारिक किसिमले अमेरिकालाई अवगत गराउन नेपाल सरकार, परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने।

२. सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाको आसन्न संयुक्त राज्य अमेरिका भ्रमणका सिलसिलामा उपर्युक्त विषयलाई ध्यानमा राख्नुका साथै कुनै पनि विवादास्पद एवं स्वतन्त्र र असंलग्न परराष्ट्र नीतिसँग मेल नखाने सहमति वा कार्य नगर्न, नगराउन नेपाल सरकारलाई निर्देशन दिने।

३. अमेरिकी राज्य साझेदारी कार्यक्रम (State Partnership Program) का सम्बन्धमा नेपाल सरकारको रक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय र नेपाली सेनाले संयुक्त राज्य अमेरिकासँग गरेका सहमति वा पत्राचार ७ (सात) दिनभित्र अन्तर्राष्ट्रिय सम्बन्ध समितिलाई उपलब्ध गराउन नेपाल सरकारलाई निर्देशन दिने।

४. तत्कालिन परराष्ट्र सचिवको नेतृत्वमा रक्षा सचिव, गृह सचिव र नेपाली सेनाका प्रधान सेनापति सम्मिलित कार्यदलको निष्कर्षलाई यो समितिमा प्रस्तुत गर्न परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने।

तत्पश्चात् समितिको बैठक २०७९ असार ५ गते बिहान १०:०० बजेसम्मका लागि स्थगित भयो।